नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल ।

## विज्ञप्ति

मिति २०७८ असोज २४ गते रुपन्देही जिल्लास्थित मोतिपुर औद्योगिक क्षेत्रमा भएको घटना प्रति नेपाल सरकारको गम्भीर ध्यानाकर्षण भएको छ । उक्त घटनामा ज्यान गुमाउनेहरू प्रति नेपाल सरकार हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछ ।

नेपालको संविधानको मौलिक हकमा रहेको आवासको हक, भूमिहीन दलितको हक र राज्यको नीतिमा उल्लिखित भूमिहीन सुकुम्बासीहरुको पहिचान गरी बसोबास र जीविकोपार्जनका लागि कृषियोग्य जमिन व्यवस्था गर्न सरकार प्रतिवद्ध रहेको छ।

भूमि सम्वन्धी ऐन (आठौं संशोधन), २०२१ ले भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि एक पटकका लागि नेपाल सरकारले निजहरु आवाद कमोत गर्दै आएको सरकारी वा ऐलानी जग्गा रहेको स्थानमा वा नेपाल सरकारले उपयुक्त ठहऱ्याएको अन्य कुनै सरकारी जग्गा तोकिएको क्षेत्रफलको हदमा नबढ्ने गरी उपलब्ध गराउने कानूनी व्यवस्था रहेको जानकारी गराइन्छ ।

नेपालको संविधान र कानूनमा रहेको उल्लिखित व्यवस्था कार्यान्वयन गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७८ भदौ २९ गतेको निर्णयबाट राष्ट्रिय भूमि आयोग गठन भई कामकाज गरिरहेको छ । यस अघि गठन भएको भूमि सम्बन्धी समस्या समाधान आयोगले स्थानीय तह मार्फत गरेको भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन र पहिचानका कामलाई समेत आधार मानी हालै गठित आयोगले भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको समस्या समाधान गर्ने उद्देश्यले कार्य गरिरहेको सबैमा जानकारी गराइन्छ । यसरी भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्न विशिष्ट कानूनी व्यवस्था गरी प्रकृया अगाडि बढाइएकोमा कोही छुटेको भए सम्बन्धित स्थानीय तहमा अझै नाम दर्ता गर्न सकिने व्यवस्था समेत गरिएको छ ।

अतः निर्धारित कानूनी विधि र प्रकृया भन्दा बाहिर सरकारी वा सार्वजनिक जग्गा अतिक्रमण गर्न प्रयास गर्ने जो कोहीलाई कानून बमोजिम कारबाही हुने व्यहोरा जानकारी गराइन्छ । साथै कसैको बहकाउमा परी यस किसिमको गैरकानूनी कार्यमा संलग्न नहुन सबैमा नेपाल सरकार अनुरोध गर्दछ ।

०७८।६।२५

मितिः २०७८ असोज २५ गते

दिल कुमार तामाङ
सहायक प्रवक्ता/सूचना अधिकारी